बैठक संख्या : 6

आज मिति २०७५।०६।१४ गतेका दिन बेलुकी ५:३० बजे यस केदारस्युँ गाउँपालिकाका अध्यक्ष श्री इन्द्र बहादुर भण्डारीज्यूको अध्यक्षता तथा तपसिल बमोजिमको समुपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| १ | इन्द्र बहादुर भण्डारी | अध्यक्ष | (हस्ताक्षर) |
| २ | निशा धामी | उपाध्यक्ष | (हस्ताक्षर) |
| ३ | श्री प्रवीण श्रेष्ठ | प्रमुख प्रशासकिय अधिकृत | (हस्ताक्षर) |
| ४ | श्री लोकेश वहादुर भण्डारी | वडाध्यक्ष वडा नं. १ | |
| ५ | श्री चक्रवहादुर लुहार (वि.क.) | वडाध्यक्ष वडा नं. २ | (हस्ताक्षर) |
| ६ | श्री विर वहादुर खाती | वडाध्यक्ष वडा नं. ३ | (हस्ताक्षर) |
| ७ | श्री भक्त प्रसाद भट्ट | वडाध्यक्ष वडा नं. ४ | (हस्ताक्षर) |
| ८ | श्री कासीराम धामी | वडाध्यक्ष वडा नं. ५ | (हस्ताक्षर) |
| ९ | श्री करसिङ्गे धामी | वडाध्यक्ष वडा नं. ६ | (हस्ताक्षर) |
| १० | श्री प्रेम वहादुर धामी | वडाध्यक्ष वडा नं. ७ | |
| ११ | श्री गणेश वहादुर बोहरा | वडाध्यक्ष वडा नं. ८ | (हस्ताक्षर) |
| १२ | श्री अहेन्द्र वहादुर शाही | वडाध्यक्ष वडा नं. ९ | (हस्ताक्षर) |
| १३ | श्री तस्विर वि.क. | कार्यपालिका सदस्य | (हस्ताक्षर) |
| १४ | श्री कटक वहादुर दमाई | कार्यपालिका सदस्य | (हस्ताक्षर) |
| १५ | श्री नन्दा देवी सिंह | कार्यपालिका सदस्य | (हस्ताक्षर) |
| १६ | श्री जौमती देवीबोहरा | कार्यपालिका सदस्य | (हस्ताक्षर) |
| १७ | श्री विमलाकुमारी शर्मा | कार्यपालिका सदस्य | (हस्ताक्षर) |
| १८ | श्री जुन देवीओखेडा | कार्यपालिका सदस्य | जुन |

आमन्त्रीत

१९ श्री धर्मराज गिरी लेखापाल
२० श्री [illegible] पाण्डे ना.सु.
२१ श्री मनिराम चौधरी व.लै.पा.
२२ श्री लेखराज रावल सू.प्र.अ.

केदारस्युँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

विवरण जानकारी प्राप्त भयो । उक्त व्यहोराका सम्परीक्षण गराउने सम्बन्धि कामका लागि विशेष गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

नि.नं.६: प्रस्ताव नं. ६ माथि छलफल हुँदा आ.व.२०७४।७५ बाट संचित कोषमा फिर्ता र जम्मा भएको रकम निम्नानुसारको विनियोजन गरी विशेष गाउँसभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

| सि.नं. | आयोजनाको नाम | आयोजना संचालन हुने स्थान | अनुमानित लागत |
|---|---|---|---|
| १ | भण्डार खा.पा. निर्माण | वडा नं ८ | ५,००,००० |
| २ | बेताल मा.वि देखि चौडाम सम्म सडक निर्माण | वडा नं १ | ८,००,००० |
| ३ | दैवि प्रकोप उदार सामाग्री खरिद | गाउँ पालिका | ५,००,००० |
| ४ | सेकु सडक चम्मन चौराइ, पिपलतोला बस्ती बजाउ टेवा पर्खाल | वडा नं ९ | ७,५०,००० |
| ५ | जुइली गाड ल.ज.वी ELC/ बेल्ट खरिद तथा मर्मत | वडा नं ९ | ३,००,००० |
| ६ | सेकु रजडा ग्रामिण सडक निर्माण हुंदा विस्थापितको पुनस्थापना/व्यवस्थापन | वडा नं ९ | ३,००,००० |
| ७ | भगवती मन्दिर चौडाम ट्रष्ट निर्माण । | वडा नं १ | ३,००,००० |
| ८ | साविक गा.वि.स भवन भुक्तानी बाकी रकम | वडा नं १ | १८,००,००० |
| ९ | केदार नि.मा.वि थापागाउ (क्रमागत) | वडा नं ६ | ३,००,००० |
| १० | उपरगाउ खा. पा मर्मत (क्रमागत ) | वडा नं ६ | २,५०,००० |
| ११ | रोड देखि झार पनेरा जुइल बाटो (क्रमागत) | वडा नं ९ | २,५०,००० |
| १२ | पारी विनडा डांडा सि. घट्टेकुलो निर्माण | वडा नं ६ | २,००,००० |
| १३ | तल्ला विनाडा सि.कु निर्माण (क्रमागत) | वडा नं ६ | २,००,००० |
| १४ | बिजुली घर तटबन्धन | वडा नं ४ | ८,००,००० |
| १५ | चौडाम गाउं सिचाई पौखरी | वडा नं १ | ५,००,००० |
| १६ | बाठपाली मन्दिर निर्माण (क्रमागत) | वडा नं १ | १,५०,००० |
| १७ | प्रहरी चौकी देउरालाई पुँजीगत खर्च | वडा नं १ | १,५०,००० |
| १८ | प्राविधिक शाखाको भवन अगाडि माटो डम्पीङ गर्न | वडा नं १ | १,००,००० |
| १९ | पारी वगडा गाउँ तडबन्धन | वडा नं ७ | ५,००,००० |
| २० | पारीखेट घारपरी रोतागडा सि.कु. | वडा नं ६ | २,००,००० |
| २१ | परखोला सि. पोखरी निर्माण | वडा नं ५ | २,००,००० |
| २२ | तल्वाडा खानेपानी निर्माण | वडा नं ३ | १,००,००० |
| २३ | जुइल पूर्व नहर सिचाई मर्मत (०७५।४।२९ गते रातीको बाढीबाट क्षति भएको) | वडा नं ९ | २,५०,००० |
| २४ | झोता सिंचाई नहर मर्मत (०७५।४।२९ गते रातीको बाढीबाट क्षति भएको) | वडा नं ९ | २,००,००० |
| २५ | दोगाडे ल.ज.वि. (थप रकम) | वडा नं ६ | ४,००,००० |
| २६ | समपूरक कोषमा थप गर्ने | गाउँपालिका | २०,००,००० |
| २७ | भैपरी आउने पूंजीगत निर्माण/मर्मत खर्च | गाउँपालिका | २०,००,००० |
| | | जम्मा | १४०००००० |

प्रस्तावहरु:

१. पि.पि. नेशनल निर्माण सेवा एण्ड सप्लायर्स (प्रा.) लि. लाई 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र दिने सम्बन्धमा ।
२. बागथला-भामचौर सडकको अवरुद्ध ढिस्को खोल्ने सम्बन्धमा ।
३. वडा नं. ८ अन्तर्गत ढोडेखेत देखि गण्डकी बजार सम्मको सडक मर्मत सम्बन्धमा ।
४. वडा सचिवको रुपमा खटाउने सम्बन्धमा ।
५. आ.ले.प. र महालेखा परीक्षकको लेखा परीक्षण प्रारम्भिक प्रतिवेदन सम्बन्धमा ।
६. आ.व.२०७४।७५ बाट संचित कोषमा फिर्ता भएको रकम विनियोजन सम्बन्धमा ।

## निर्णयहरु:

नि.नं.१: प्रस्ताव नं. १ माथि छलफल हुँदा 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र पाउँ भनी पि.पि. नेशनल निर्माण सेवा एण्ड सप्लायर्स (प्रा.) लि. केदारस्युँ गाउँपालिका वडा नं. १, देउराले यस कार्यालयमा निवेदन दिनु भएकोमा उक्त निर्माण व्यवसायीलाई 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र दिने निर्णय गरियो ।

नि.नं.२: प्रस्ताव नं. २ माथि छलफल हुँदा ढुंगा तथा माटोको ढिस्को खसेर बागथला-भामचौर सडकको अवरुद्ध भएको र सो सडक मर्मत नहुँदा दशै तथा तिहारमा स्थानीय जनतालाई निकै कठिनाई पर्ने भएको भनी रविन्द्र मल्ल समेतको २० जनाले बाटो खोल्न निवेदन दिएकोमा उक्त सडक खोल्ने निर्णय गरियो ।

नि.नं.३: प्रस्ताव नं. ३ माथि छलफल हुँदा वडा नं. ८ अन्तर्गत ढोडेखेत देखि गण्डकी बजार सम्मको सडक वर्षातको समयमा भत्किएर यातायातको असुविधा भएको र आउँदो विजया दशमीका लागि स्थानीयलाई आवत जावतमा सजिलो बनाउन उक्त सडक मर्मतका लागि वडा नं. ८ को वडा अध्यक्षबाट माग भएकोमा सो सडकको मर्मत गर्ने निर्णय गरियो ।

नि.नं.४: प्रस्ताव नं. ४ माथि छलफल हुँदा यस गाउँपालिकामा कर्मचारीको अभाव भई वडा सचिवको रुपमा कर्मचारी खटाउन समस्या भएको र जि.वि.स. स्थानीय विकास कोषको सचिवालयबाट यस गाउँपालिकामा खटाई पठाईएका अस्थायी पदमा कार्यरत बचत तथा ऋण परिचालक श्री उत्तम बहादुर भण्डारीले वडा सचिवको रुपमा जिम्मेवारी दिई वडा कार्यालयमा खटाई पाउन मिति २०७५।६।१४ मा निवेदन पेश गरेकोमा निज उत्तम बहादुर भण्डारीलाई वडा सचिवको रुपमा खटाउने निर्णय गरियो ।

नि.नं.५: प्रस्ताव नं. ५ माथि छलफल हुँदा आ.व. २०७४।७५ को आन्तरिक लेखा परिक्षण तथा महालेखा परीक्षकको लेखा परीक्षण प्रारम्भिक प्रतिवेदन कार्यपालिका बैठकमा पेश भई

केदारस्युँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देउरा, ...
७ नं. प्रदेश नेपाल

अध्यक्ष